कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा,युवा तथा खेलकुद शाखा
जामुनबारी,झापा
१ नं.प्रदेश,नेपाल

०२३-४०११५५(६११)


प.सं.–२०७५/०७६

च.नं : ११५

मिति : २०७६/०२/१३

विषय : विद्यालय विकास प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

यस नगरपालिका अन्तरगत सञ्चालित श्री कनकाई मा.वि.,कनकाई न.पा.मा नमुना विद्यालयको प्रधानाध्यापकको नियुक्तिको सिफारिस गर्न नमुना विद्यालय सञ्चालन निर्देशिका,२०७४ को दफा ८.१.३ (अ) मा व्यवस्था भएको योग्यता भएका शिक्षकहरु मध्येबाट मिति २०७६।०१।२२ मा प्रकाशित सूचनाको म्याद भित्र कसैको पनि विद्यालय विकास प्रस्ताव पेश हुन नआएको हँदा विद्यालय विकास प्रस्ताव मूल्यांकन समितिको मिति २०७६।०२।१३ को निर्णयानुसार पुन एकः पटक देहाय बमोजिम विद्यालय विकास प्रस्ताव आह्वान गरिएको छ ।

१.विद्यालय विकास प्रस्ताव मिति २०७६।०२।०१९ गते आइतवार दिनको ५ बजे भित्र यस शाखामा पेश गर्नु पर्नेछ ।

२.विद्यालय विकास प्रस्ताव निर्देशिकाको अनुसुची ७ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ ।

३.प्रस्ताव पेश गर्दा विद्यालयमा बुझाएको रु. २०००।–को रसीद पेश गर्नु पर्नेछ ।

४.प्रधानाध्यापक छनौट र मूल्यांकनको आधार निर्देशिकाको अनुसुची ८ अनुसार हुने भएकोले अनुसुची ८ को १ को वैयक्तिक विवरण मूल्यांकनका लागि अलग बन्दी खाममा र २ को विद्यालय विकास प्रस्ताव मूल्यांकनको लागि अलग बन्दी खाममा राखी पेश गर्नु पर्नेछ ।

५.दर्ता भइसकेको प्रस्तावमा छुट हुन गएका कागजात भए पछि समावेश गर्न सकिने छैन । अन्य कुनै जानकारी लिनु परेमा यस शाखामा सम्पर्क राख्न सकिनेछ ।

हरिप्रसाद मिश्र
शाखा अधिकृत
(अधिकृत स्तर आठौं)


KANAKAI MUNICIPALITY, EDUCATION,YOUTH AND SPORTS SECTION
email-edukankai@gmail.com/www.kankaimun.gov.np